नेपाल सरकार
शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय
शिक्षा तथा मानव स्रोत विकास केन्द्र
शैक्षिक योजना तथा विकास महाशाखा
शिक्षक व्यवस्थापन समन्वय शाखा
सानोठिमी, भक्तपुर

फोन: ६६३५११३
Section email : teachermgt.cehrd@gmail.com

प.सं. २०७८।०७९/शि.व्य.
चलानी नं. ९२

मिति: २०७८।०६।१७

विषय : अदालतमा विचारधिन रहेको मुद्धाको अवधिमा विद्यालयमा शिक्षक नियमितता सम्वन्धमा ।

श्री शिक्षा विकास तथा समन्वय इकाइ, सबै ।

प्रस्तुत विषयमा सामुदायिक विद्यालयमा कार्यरत शिक्षकहरुको अदालतमा मुद्धा विचारधिन रहेको अवस्थामा अदालतबाट कसुरदार ठहरिएको बखत अधिकार प्राप्त अधिकारीले विभागीय कारवाही वा सजाय गर्न सक्ने नै हुँदा आदेश वा फैसला नभए सम्म निलम्वन गर्ने अधिकारीले निलम्वन गरेको वा कानुन अनुसार स्वतः निलम्बन भएको अवधिमा वा थुनामा रहेको भए सो अवधिमा बाहेक अन्य अवस्थामा विद्यालयमा नियमानुसार कामकाज गर्न सकिने भन्ने शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयको मिति ०७८।०३।११ को सचिवस्तरीय निर्णय भएको व्यहोरा निर्देशानुसार अनुरोध छ । माथि उल्लेख भएको अवधिमा बाहेक अन्य अवस्थामा विद्यालयमा हाजिर नभएको पाइएमा शिक्षा ऐन, २०२८ र शिक्षा नियमावली, २०५९(संशोधन सहित) अनुसार कारवाही हुने व्यहोरा समेत जानकारीको लागि अनुरोध छ ।

बोधार्थः

श्री स्थानीय तह, सबैः जानकारीको लागि ।

कोइराला
०७८।६।१७

बसन्तप्रसाद कोइराला

निर्देशक